# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, पुस ९ गते २०५८ साल (संख्या ३५

## भाग ३

श्री ५ को सरकार

### राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

राष्ट्रिय कृषिगणना २०५८ को आदेश, २०५८

तथ्याङ्क ऐन, २०१५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "राष्ट्रिय कृषिगणना २०५८ को आदेश, २०५८" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "विभाग" भन्नाले केन्द्रीय तथ्याङ्क विभाग सम्झनु पर्दछ ।

३. राष्ट्रिय कृषिगणना २०५८ को लागि तथ्याङ्क संकलन गर्न सक्नेः विभागले तोकेको कुनै खास अवधिभित्र नेपाल अधिराज्यको कृषि र कृषकहरूसम्बन्धी लगत, जग्गाको क्षेत्रफल, जग्गाको उपभोग र उपयोग, बालीको विवरण, पशु-पंक्षिहरूको संख्या, किसिम, उमेर, कृषि सामग्री, कृषि ऋण तथा औजार समेतको विवरण प्राप्त गर्नका लागि २०५८ सालमा गरिने कृषिगणनाको सन्दर्भमा अनुसूची–१ बमोजिमको कुराहरू सोधी कृषिगणनाको कार्य गर्न गराउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. अधिकृत तथा कर्मचारीहरूको नियुक्ति वा मनोनयन: विभागले दफा ३ बमोजिमको विवरण अनुसार कृषिगणना गर्ने कामको लागि अधिकृत तथा कर्मचारीहरू नियुक्ति गर्न वा मनोनयन गर्न सक्नेछ ।

५. अधिकृत तथा कर्मचारीहरूको काम, कर्तव्य र अधिकार: अधिकृत तथा कर्मचारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) कृषिगणनाको काम गर्ने कर्मचारीले आफूलाई तोकिएको जिल्ला वा क्षेत्रमा गई तोकिएको अवधिभित्र सम्बन्धित कृषक वा मुख्य जिम्मेवार व्यक्तिसँग सोधपुछ गरी अनुसूची-१ मा उल्लिखित कुराहरूसँग सम्बन्धित विषयको विवरणको सही जानकारी प्राप्त गरी विभागले तोकेको ढाँचा बमोजिमको फाराममा विवरण भर्नु भराउनु पर्छ ।

(ख) खण्ड (ख) बमोजिम प्राप्त विवरण वा फारामहरूलाई कृषिगणनाको काम गर्ने अधिकृत वा कर्मचारीले विभागले तोकेको अवधिभित्र तोकिदिएको अधिकृत वा कार्यालयमा बुझाउनु पर्छ ।

(ग) खण्ड (क) बमोजिमको काममा लागेको अवधिको निमित्त कृषिगणनाको काम गर्ने अधिकृत वा कर्मचारीले श्री ५ को सरकारले तोकिदिए बमोजिम पारिश्रमिक र भत्ता पाउनेछ ।

६. कृषिगणना गर्ने काममा सहयोग गर्नुपर्ने: कृषिगणना गर्ने कामसँग सम्बन्धित विभाग, अधिकृत वा कर्मचारीहरूलाई सहयोग गर्नु श्री ५ को सरकारका सबै कार्यालयहरू, सरकारी वा गैर सरकारी संघसंस्थाहरू, सम्बन्धित गाउँ विकास समिति, नगरपालिका तथा सबै नागरिकहरूको कर्त्तव्य हुनेछ ।

७. संकलित तथ्याङ्कको उपयोग: संकलित तथ्याङ्कलाई विभागले सम्पादन गरी त्यसको आधारमा कृषिगणनाको प्रतिवेदन प्रकाशन गर्नेछ ।

तर प्रतिवेदन प्रकाशित नहुँदै विभागले आवश्यक ठानेमा संकलित तथ्याङ्कबाट तयार गरिएको समष्टि वा आंशिक रुपमा पनि विशेष अध्ययन वा अन्वेषण गर्ने व्यक्ति वा संस्थालाई शर्त तोकि उपलब्ध गराउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४०६

अनुसूची–१
(दफा ३ सँग सम्बन्धित)
कृषिसम्बन्धी लगत

१. मुख्य कृषक, मुख्य कृषकको जात । जाती, ठेगाना तथा जवाफ दिने व्यक्ति सम्बन्धी विवरण,

२. कृषि चलनको वैधानिक स्थिति, दैनिक कामको रेखदेख तथा उत्पादनको उपयोगसम्बन्धी विवरण,

३. जनसंख्यासम्बन्धी विवरण

४. स्थायी, अस्थायी कामदारसम्बन्धी विवरण,

५. चलन गरेको कित्ता संख्या तथा बाढी पहिरो आदिले क्षति पुऱ्याएको जग्गाको विवरण,

६. चलन गरेको जग्गा (जग्गाको किसिम, माटो, सिंचाई, उपभोग उपयोग) सम्बन्धी विवरण,

७. अस्थायी, स्थायी बाली तथा बाली लगाएको किसिमसम्बन्धी विवरण,

८. पाल्तु चौपाया र चराचुरुङ्गीसम्बन्धी विवरण,

९. कृषि औजार तथा कृषिका साधनहरूसम्बन्धी विवरण,

१०. गैर आवासीय भवनसम्बन्धी विवरण,

११. बन वनेलो तथा मत्स्य पालनसम्बन्धी विवरण.

१२. कृषि ऋणसम्बन्धी विवरण,

१३. खाद्यान्नको पर्याप्ततासम्बन्धी विवरण ।

आज्ञाले,
श्रीमान श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०६

# भाग ४

## श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०५८।६।२२ को निर्णयानुसार महान्यायाधिवक्ताको कार्यालयका सह-न्यायाधिवक्ता श्री लेखनाथ पौडेललाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (२) को खण्ड (ख) को कसूरमा सोही ऐनको दफा ६१ को उपदफा (२) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरेको छ ।

आज्ञाले,
विश्वमंगल आत्रेय
उप सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०८

मुद्रण विभाग, सिंहदरबार